# राजपुर गाउँपालिका
# गाँउ कार्यपालिकाको कार्यालय
## गंगदी,दाङ्
प्रदेश नं.५,नेपाल

## निर्माण कार्य सम्बन्धी बोलपत्र आह्वानको सूचना
## सूचना नं.०३।०७६।०७७ प्रथम प्रटक प्रकासित मिति :२०७६।१०।२८

राजपुर गाउँ कार्यपालिकाको कार्यालयबाट तपशिलमा उल्लेखित कार्यहरु बोलपत्रबाट खरिद गर्नुपर्ने भएकोले योग्यता पुगेका इजाजत प्राप्त निर्माण व्यवसायीहरुबाट निम्न शर्तको अधिनमा रही रितपूर्वकको बोलपत्र आह्वान गरिन्छ ।

१. यो सूचना प्रथम पटक प्रकासित भएको मितिले ३० औं दिन भित्र यस राजपुर गाउँकार्यपालिका कार्यालय ,गंगदी,दाङबाट प्रत्यक बोलपत्र फारमका लागि तपशिलमा उल्लेखित बोलपत्र दस्तुर बुझाई(पछि फिर्ता नहुने गरी) बोलपत्र खरिद गर्ने निवेदनका साथ चालु आ.व.को नविकरण गरिएको व्यवसायी दर्ता इजाजत पत्र,स्यायी लेखा नम्बर प्रमाणपत्र,मूल्य अभिबृद्धि करको दर्ता प्रमाणपत्र तथा आ.व.२०७५।७६ सम्मको कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि पेश गरी यस कार्यालयको एनआइसी यसिया बैंक जंग्रहवा शाखाको हि.न. ५१CA ०५१०००४५२४०४ मा नगद जम्मा गरेको भौचर वा यस कार्यालयबाट नगदी रसिद कटाई बोलपत्र खरिद गर्न सकिनेछ ।

२. खरिद गरिएका बोलपत्र फारमको BOQ का पानाहरुको महलमा भर्नुपर्ने विवरणहरुस्पष्ट रुपमा भरीबोलपत्र फारमको प्रत्यक पानामा सहीछाप गरीयो सूचना प्रथम पटक प्रकासित भएको मितिले ३१ औं दिनको १२:०० बजे भित्र यस कार्यालयको नाममा सम्बोधन गरी ठेक्का कामको विवरण,बोलपत्रदाताको नाम,ठेगाना र फोन नं.समेत खुलाई फर्मको छाप लगाई शिलबन्दी लाहाछाप गरीएकोखामराजपुर गाउँकार्यपालिकाको कार्यालयमा दर्ता गराउनुपर्नेछ ।

३. दर्ता भएका बोलपत्रहरु सोही दिन(३१ औं दिन)को २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा राजपुर गाउँकार्यपालिकाको कार्यालयमा खोलिनेछ तर बोलपत्रदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्नेछैन ।

४. बोलपत्र खरिद तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

५. बोलपत्र फारमसाथ जमानत वापतको तपशिलमा उल्लेखित रमक एनआइसी यसिया बैंक,जंग्रहवा शाखामा रहेको यस कार्यालयको धरौटी खाता नं.५१CA०५१०००४५२४०१मा नगद जम्मा गरेको सक्कलै भौचर वा मान्यताप्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी भएको,बोलपत्र पेश गर्ने अन्तिम मितिबाट १२० दिन म्याद भएको जमानीपत्र बोलपत्रसाथ पेश गर्नुपर्नेछ । यसरी पेश गरिने जमानत वापतको भौचर वा जमानीपत्र यो सूचना प्रकासित भएपछिकोलाई मान्यता दिइनेछ ।

६. बोलपत्रदाताले बोलपत्र दररेट भर्दा मूल्य अभिबृद्धि वाहेको दररेट उल्लेख गर्नुपर्नेछ । बोलपत्रमा आइटम वाइज दर अंक र अक्षर दुवैमा स्पष्ट लेख्नुपर्नेछ । अंक र अक्षर विच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ । केरमेट भएको ठाँउमा बोलपत्रदाताको सहिछाप भएको हुनुपर्नेछ ।

७. बोलपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको,प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धीत पेशा वा व्यवसाय सम्बन्धी कसुरमा कुनै सजाय नपाएको भनि लिखित रुपमा घोषण गरेको कागजात सिलबन्दी बोलपत्रसाथ पेश गर्नुपर्नेछ ।

९.बोलपत्र सम्बन्धी अन्य कुरा बुझ्नु परेमा यस कार्यालय वा मोवाइल नं.९८५७८३५२४०, मा सम्पर्क गर्न सकिनेछ ।

१०. म्याद नाघि आएको,रीत नपुगेको र शर्त राखिएको बोलपत्र माथि कुनै कारवाही हुनेछैन ।

११. एक फर्मको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्मको नामबाट दाखिला गर्न पाइने छैन ।

१२. कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण रुपमा वा आंसिक रुपमा बोलपत्र स्वीकृत गर्ने वा रद्ध गर्ने अधिकार राजपुर गाउँ कार्यपालिकाको कार्यालयमा सुरक्षित रहनेछ ।

१३. सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन,२०६३ र सार्वजनिक खरिद नियमावली,२०६४ तथा अन्य प्रचलित कानूण अनुसार हुनेछ ।

**तपशिल**

| सि.न. | ठेक्का नं. | कामका विवरण | ल.ई रकम (भ्याट र कन्टेन्जेन्सी वाहेक) | धरौटी रकम | दरभाउपत्र खरिद दस्तुर |
|---|---|---|---|---|---|
| १ | RRM/DANG/NCB/BUILDING/15/076/077 | आधारभुत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण, वडा नं १ | ३२०२६९७०० | ९५००० | ३००० |
| २ | RRM/DANG/NCB/BUILDING/16/076/077 | आधारभुत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण, वडा नं २ | ३२०२६९७०० | ९५००० | ३००० |
| ३ | RRM/DANG/NCB/BUILDING/17/076/077 | आधारभुत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण, वडा नं ४ | ३२०२६९७०० | ९५००० | ३००० |
| ४ | RRM/DANG/NCB/BUILDING/18/076/077 | आधारभुत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण, वडा नं ५ | ३२०२६९७०० | ९५००० | ३००० |
| ५ | RRM/DANG/NCB/BUILDING/19/076/077 | आधारभुत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण, वडा नं ७ | ३२०२६९७०० | ९५००० | ३००० |
| ६ | RRM/DANG/NCB/BUILDING/20/076/077 | मा.वि. सिक्टा भवन निर्माण, वडा नं ७ | ४२०७६२७१२ | १२५००० | ३००० |

प्रमुख प्रशासकीय अधिकृत